श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

### अध्यागमन (तेस्रो संशोधन) नियमावली, २०५९

अध्यागमन ऐन, २०४९ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "अध्यागमन (तेस्रो संशोधन) नियमावली, २०५९ रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अध्यागमन नियमावली, २०५१ को नियम ८ मा संशोधनः अध्यागमन नियमावली, २०५१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को उपनियम (१) को खण्ड (ज) पछि देहायको खण्ड (ज १) थपिएको छः–

"(ज१) विदेशी राहदानी प्राप्त गर्नु अघि नेपालको नागरिक रहेको कुनै विदेशी नेपालमा कुनै नातेदार भेट्न आउने भएमा,"

३. मूल नियमावलीको नियम १२मा संशोधनः मूल नियमावलीको नियम १२ को उपनियम (१) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–

"(झ) गैर आवासीय नेपाली भिसा पहिलो पटकको लागि गृह मन्त्रालयको स्वीकृतिमा नियोग वा विभाग र नविकरणको लागि विभाग ।"

४. मूल नियमावलीको अनुसूची-९ मा संशोधनः मूल नियमावलीको अनुसूची-९ को क्रमसंख्या १० को सट्टा देहायको क्रमसंख्या १० राखिएको छः–

"१०. पर्यटक र व्यवसायिक भिसाबाहेक अन्य भिसामा एक प्रवेशी र बहुप्रवेशी सुविधा लिनु परेमा क्रमशः २५ र ६० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।"

आज्ञाले,
टीकादत्त निरौला
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

श्री ५ को सरकारको २०५६ साल असोज ३ गतेको निर्णयानुसार श्री ५ को सरकारको मुख्य सचिव पदमा अर्थ मन्त्रालयका सचिव डा. श्री विमलप्रसाद कोइराला-लाई बढुवा गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०५६ साल भाद्र ३१ गतेको निर्णयानुसार जनसंख्या तथा वातावरण मन्त्रालयका सह सचिव श्री जीवगर जोशीलाई सोही मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
पूर्णप्रसाद मानन्धर
श्री ५ को सरकारको सचिव

---

### भूलसुधार

नेपाल राजपत्र भाग ३, खण्ड ५२, संख्या २४ मिति २०५६।६।७ को पाना नं. २ मा प्रकाशित सूचनाको कार, जिप, पिकअप महलमा हेटौंडा नारायणघाट खण्डको रू. २० र नारायणघाट बुटबल खण्डको रू. ३० हुनु पर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ ।

मुद्रण विभाग ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।